आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट, नीति, योजना तथा कार्यक्रम

## निर्णयहरु

१. गाउँपालिका उपाध्यक्ष शान्ता देवि शिवाकोटी खरेल ज्यू बाट प्रस्तुत आगामी आ.व ०८१।०८२ को वार्षिक निती तथा कार्यक्रम मिति २०८१।०३।१० गते पन्ध्रौं गाउँ सभामा पेशभई गाउँ साभामा छलफल भई पारित गर्ने निर्णय गरियो ।

२. आ.व २०८१।०८२ को लागि स्थानिय कर , शुल्क , दण्ड जरिवाना संकलन गर्ने साथै आम्दानी संकलनको लागि व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०८१ तथा सो को अंङ्गको रुपमा पेश भएका अनुसुचीहरु समेत छलफल भई पारित गर्ने निर्णय गरियो ।

३. आ.व ०८१।०८२ का लागि चालु खर्च र पुँजिगत खर्च गर्न बनेको विनियोजन विधेयक २०८१ तथा सो को अंङ्गको रुपमा पेश भएका अनुसुचिहरु छलफल भई पारित गर्ने निर्णय गरियो ।

४. संघिय वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान तथा प्रदेश वित्तय समानिकरण अनुदान, राजस्व बाँडफाँड तथा गा पा को आन्तरीक श्रोत समेत बाट अनुसुचिहरुमा उल्लेख भए बमोजिमका योजान तथा कार्यक्रम छनौट गरी संचालन गर्ने र शर्शत तर्फका कार्यक्रम समेत समावेश गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

५. यस गा पा को बजेटमा समावेश हुन नसकेका संचालन तथा कार्यन्वयन हुन जरुरी भएका अनुसुचिमा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रम छनौट गरी नेपाल सरकार तथा कोशी प्रदेश सरकार समक्ष स्वीकृत गरी पाउन माग गर्ने निर्णय गरियो ।

६. बाह्रदशी गाउँ कार्यपालिकाले गरेको हाल सम्मका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

७. यस बाह्रदशी गाउँपालिकाका न्यायिक समिति संयोजक श्री शान्ता देवी शिवाकोटी खरेल ज्यू बाट पेश भएको न्यायिक समितिको वार्षिक प्रतिवेदन २०८०।०८१ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

८. गाउँपालिका स्तरिय अनुगमन समितिले अनुगमन गरी फरफरक का लागि पेश भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

९. गाउँपालिका अर्न्तरगतका कर्मचारीहरुको पेश भए वमोजिम को तलवी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

१०. यस सभाले प्रचलित कानुन बमोजिम गर्ने कार्यहरु सभा बाट स्वीकृत भएका छन अन्य कार्यको हकमा सभाको अधिकार कार्यपालिका लाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

११. विभिन्न कारणले चालु आ.व मा सम्पन्न हुन बाँकी रहेका ठेक्का प्रकृया तथा उपभोक्ता समिति समेत बाट संचालित योजना तथा कार्यकमहरु को लगत खडा गरी आ.व ०८१।०८२ मा दायित्वमा सार्ने निर्णय गरियो ।

१२. यस बाह्रदशी गाउँपालिकाको बेरुजु फछ्यौटको लागी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

१३. यस गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिहरुले पेश गरेको प्रतिवेदन लाई क्रमश: कार्यन्वयन गर्दै लैजाने निर्णय गरियो ।

१४. निम्न वमोजिमका कर्मचारीहरुलाई उत्कृष्ठ कर्मचारीको रुपमा पुरस्कृत गर्ने निर्णय गरियो ।

क. विवेक फुयाल कम्प्यूटर अपरेटर

ख. योजराज पौडेल प्रा.श शिक्षा शाखा

ग. एसन मेचे अ.स.ई प्राविधिक शाखा

घ. इश्वार ईजाम सि.अ.न.मि

१५. बाह्रदशी गाउँपालिकाको रोजगार रणनीति २०८१ पारित गर्ने निर्णय गरियो ।

१६. घर-नक्सा अभिलेखीकरणको गर्ने कार्य २०८१ चैत्र मसान्त भित्रमा अभिलेखिकरण गर्न आएमा जरिमाना छुट गर्ने निर्णय गरियो ।

१७. १५ औं गाउँसभाको बैठक नहुन्जेल सम्म गाउँ सभाले गर्नु पर्ने निर्णय तथा गाउँ सभाको अधिकार बाह्रदशी गाउँकार्य पालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१८. यस वार्षिक नीति बजेट योजना र कार्यकम तर्जुमा गर्न सहयोग सुझाव प्रदान गर्न हुने विभिन्न राजनीतिक दल नागरिक समाज पेशाकर्मी, बुद्दिजिवि तथा कर्मचारीहरु तथा आम बाह्रदशी वासी नागरिकहरुमा धन्यवाद दिने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner